ज.प्र.का.म.द.नं.४८/०७३/०७४

- वर्ष ६, अंक २९८
- १५ साउन २०८० सोमबार
- 31 Jul. 2023, Monday
- www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# कानुन निर्माण गर्दा प्रदेश सभा सदस्यहरु गम्भीर हुनु पर्दछ : सभामुख मण्डल



**खबर दर्पण समाचारदाता**

**साउन १४ गते, जनकपुर**

मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले कानुन निर्माण गर्दा गम्भीर प्रदेश सभा सदस्यहरु गम्भीर हुन जरुरी रहेको बताउनु भएको छ।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति, राष्ट्रिय सभाद्वारा आइतवार जनकपुर धाममा आयोजित मधेश प्रदेशमा प्रत्यायोजित विधायन विषयक छलफल तथा अन्तरक्रिया कार्यक्रममा सम्बोधन गर्दै सभामुख मण्डलले सरकारबाट आएको सबै प्रस्तावित विधेयकहरुलाई बिना अध्ययन प्रदेश सभाबाट पारीत गरेर जनता प्रतिको उत्तरदायित्व निर्वाह नगरिएको जस्तो देखिएको बताउनुभयो ।

सभामण्डलले भन्नुभयो, "हामी सांसदहरु अध्ययन गर्दैनौं । विगतमा सबै बिना अध्ययन कै ऐनहरु पारीत भएको अवस्था छ । अहिले सम्म मधेस प्रदेशमा पारित गरिएका करिब ५६वटा ऐनहरु छन् । तर सबै ऐनलाई अहिले अनुगमन र अध्ययन गरी संशोधन गर्नु पर्ने आवश्यक्ता रहेको छ।"

ऐन बनाउने काम सभासदहरुको भएको बताउँदै सभामुख मण्डलले भन्नुभयो, "प्रदेश सभाले आफ्नो अधिकारलाई सरकारलाई प्रत्यायोजन गर्न दिएपनि सरकार बाट आएको विधेयकलाई अध्ययन छलफल र विज्ञहरु संग राय सल्लाह लिएर मात्र पास गनुपर्दछ।"

उहाँले सांसदहरुले आफ्नो भूमिका, काम ,कर्तव्य र अधिकार बारे अध्ययनको आवश्यक्ता रहेको बताउनुभयो । उहाँले हिरो जस्तो सबै कामहरु आफैले गर्न नहुने र सबै काम गर्न पनि नआउने भएको हुँदा विषय विज्ञहरु राय सल्लाह तथा छलफल गरी मात्र गम्भीरता पूर्वक ऐनहरु पास गर्नु पर्ने बताउनुभयो ।

सभामुख मण्डलले विगतमा केहि विधेयकहरु संघबाट हुबहु कपी पेष्ट गरिएको हुँदा धेरै आलोचना खेप्नु परेको बताउनुभयो । उहाँले जनताले आफूहरुलाई चुनेर पठाएको हुँदा जनताका हित हुने खालका ऐन नियमहरु बनाउनु पर्ने बताउनुभयो ।

सभामुख मण्डलले संघ र प्रदेश सरकार बीच सम्वन्यको खाँचो रहेको बताउँदै उहाँले प्रादेशिक संरचना नयाँ भएको हुँदा संघीय सरकारमा भएका विभिन्न समिति तथा विज्ञहरु संग सम्वन्य गरेर काम गरे धेरै कुराहरु सिक्न सकिने बताउनुभयो ।

प्रत्यायोजित व्यवस्थापन तथा तथा सरकारी आश्वासन समितिका सभापति माया प्रसाद शर्माले सरकारले व्यवस्थापिकाले सरकार लाई ऐन बनाउन दिएको अधिकार को कतिको सदुपयोग वा दुरुपयोग गरिएको बारे कानुन अडिट गर्ने यस समितिको अधिकार रहेको बताउनुभयो । उहाँले सरकारले जनतालाई बाडेका आश्वासन कतिको पुरा गरे गरेनन् भन्ने सोधपुछ गर्ने अधिकार समेत समितिलाई रहेकोले विभिन्न विषयगत समितिहरुले पनि सरकारले ल्याएको विधेयक ऐनहरुबारे अध्ययन नगरि छलफल नगरी पास गर्नु नहुने बताउनुभयो ।

संयुक्त राष्ट्र विकास परियोजना ( युएनडीपी) को संसद सहयोग परियोजनाको सहयोगमा प्रत्यायोजित व्यवस्थापन तथा तथा सरकारी आश्वासन समिति, राष्ट्रिय सभाले आयोजना गरेको यस कार्यक्रममा संविधान सभा सदस्य तथा प्रत्यायोजित व्यवस्थापन तथा तथा सरकारी आश्वासन समितिका निवर्तमान सभापति राम नारायण विडारीले प्रत्यायोजित विधायन बारे प्रस्तुती गर्नुभएको थियो ।

प्रस्तुतीकरणको क्रममा संविधान सभा सदस्य विडारीले प्रत्यायोजित विधायनको अर्थ विधायनको वर्गिकरण, नेपालमा अधिनस्थ विधायन बनाउन पाउने निकाय

*बाँकी पृष्ठ ३ मा*

# सोनमा गाउँपालिकामा पोखरीमा डुबेर दुई बालिकाको मृत्यु



**धर्वेन्द्रकुमार यादव यदवंशी**

**साउन १४ गते, महोत्तरी**

सोनमा गाउँपालिका वडा नं ५ खैर बनीमा पोखरीमा डुबेर शनिबार दुई बालिकाको मृत्यु भएको छ।मृत्यु हुनेमा सर्लाहीको गोरईता नगर पालिका वडा ९ बस्ने महेश मलिक डोमको ४ वर्षीया छोरी चंचला कुमारी मलिक डोम र भारतको विहार राज्यको जिल्ला सितामाढीं रामनगर पन पाखर ग्रामको र ामभजन मलिक डोमको ५ वर्षीया छोरी अर्चना कुमारी मलि डोम र हेको छ।

दुबै बालिकाको पोखरीमा एकै चोटी डुबेर मृत्यु भएको ईलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज यादवले जानकारी दिए।अर्चना र चंचला दुबै आमाको साथमा मामा गाउँ खैरबनीमा गेरुका मेला हेर्न आएका थिए ।

दुबै बालिका शनिबार दिउँसो १ बजे देखि ४ बजे सम्म सम्पर्क बिहिन भएपछि खोज तलास सुरू गरिएको थियो ।

खोजतलासको क्रममा घरकै सामुन्ने रहेको रामविनय यादवको पोखरीमा डुबेर मृत्यु भएको अवस्थामा फेला परेको हो। दुबै बालिका नुहाउने क्रममा पानी मुनि हिलोमा फसेर डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ।

दुबै बालिकाको शव परीक्षणको लागि प्रादेशिक अस्पताल जलेश्वर पठाइएको ईलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक यादवले जानकारी दिए।

# नेपाल भारत सीमा नाकाबाट तस्करी भई आएका ७ करोडभन्दा बढी मूल्यका सामान पक्राउ

**खबर दर्पण समाचारदाता**

**साउन १४ गते, महोत्तरी**

सशस्त्र प्रहरीले नेपाल भारत सीमा नाकाबाट तस्करी भई आएका ७ करोडभन्दा बढी मूल्यका सामान पक्राउ गरेको छ । भारतसँग करिब ३९ किलोमिटर खुला सिमाना रहेको महोत्तरीमा सीमा तस्करी चुनौतीपूर्ण भएको बेला सशस्त्रले अहिलेसम्मकै बढी मूल्यका सामान नियन्त्रणमा लिन सफल भएको हो ।




सशस्त्र प्रहरीले आर्थिक वर्ष २०७९-०८० मा भन्सार चोरी पैठारी निकासीका सात करोड ५७ हजार ६२० रुपैयाँ बराबरका सामान पक्राउ गरेको जनाएको छ । पक्राउ परेका समानमा तीन करोड ४३ लाख मूल्य बराबरका २२० थान सवारी साधन नै छ । २३ लाख ८२ हजारका ५९५ थान चौपाया र तीन करोड २३ लाख बराबरका अन्य सामान बरामद गरी भन्सार दाखिला गरेको सशस्त्रले जनाएको छ ।

बरामद गरिएका अन्य सामानमा एक करोड नौ लाख बराबरका किराना र कस्मेटिक सामग्री, ९१ लाख ६० हजारका कपडा, २८ लाख ३० हजारका चौंरी गाईका पुच्छर, २५ लाख ६३ हजारका इलेकट्रोनिक्स सामानदेखि स्रोत नखुलेका पैसा, जुत्ता चप्पल, अण्डा, औषधि, माछा र हाँस कुखुरा छन् ।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

सम्पादकीय ..............

# भ्रष्टचार अन्त्य गर्ने पद्धति

भ्रष्टाचारविरुद्धको सरकारी अभियानप्रति सबैले खुलेरै प्रशंसा गरिरहेका छन् । शृङ्खलागत रूपमा एकपछि अर्को भ्रष्टाचारको फाइल खोल्ने क्रम बढिरहेको छ । यसले जनजनमा सकारात्मक उत्साह र सन्देश छाएको छ । यो सरकारले केही नयाँ काम गर्छ कि भन्ने झिनो आशा जागेको छ । यो पार्टी र त्यो पार्टी अनि तेरो मान्छे र मेरो मान्छे भन्ने परम्परागत गलत प्रवृत्तिलाई निरुत्साहित गर्न खोजेको देखिन्छ ।

यद्यपि निकृष्ट निहित स्वार्थमा रुमलिएको हाम्रो अर्थ राजनीतिक प्रणालीमा सहीलाई सही र गलतलाई गलत भन्ने चलन छैन । बरु उल्टै आफ्नो स्वार्थमा असर गर्छ भने सही विषयमाथि पनि विभिन्न दिग्भ्रम सिर्जना गर्ने गरिन्छ। अहिले भ्रष्टाचार नियन्त्रणको विषयमा पनि यही भइरहेको छ । कतिपय पार्टी तथा नेताहरू आफ्नोसमेत फाइल खोलिने त्रासमा उल्टै भ्रष्टाचार नियन्त्रणको यस्तो महाअभियानमाथि अन्टसन्ट कुरा गरिरहेका छन् । यो सरकारले राम्रो काम गर्दै छ भन्नुको साटो उल्टै मसाल जुलुस निकालिरहेका छन् । उनीहरू चुनावी जनमत बढ्छ भनेर त्रसित हुँदै भ्रामक हल्ला मच्चाइरहेका छन्, जुन विडम्बनाको कुरा हो ।यस्तो अर्थराजनीतिक स्वार्थगत धरातलमा भ्रष्टाचारको पूर्ण अन्त्य सम्भव छ कि छैन ? पूर्ण अन्त्यका लागि कस्तो संरचना वा पद्धति अनिवार्य हुन्छ ? अर्थात् संरचनात्मक परिवर्तनबिना यसको अन्त्य हुन्छ कि हुँदैन । यसको अन्त्यका लागि हामीसँग स्पष्ट कार्यक्रम, कार्ययोजना र इच्छाशक्ति नै नभएको हो कि वा संरचनात्मक समस्याले नदिएको हो ? कस्तो अर्थराजनीतिक संरचना भएमा भ्रष्टाचाको पूर्ण अन्त्य हुन्छ र कस्तो संरचना रहेसम्म केवल नियन्त्रण मात्र गर्न सकिन्छ ? यो आमबहसको विषय हो ।

उत्पादन पद्धति

कुनै पनि खास अर्थराजनीतिक दृष्टिकोणका आधारमा खास समाजको उत्पादन पद्धति तय हुने गर्छ । समग्र सामाजिक रचनाको स्वरूप उत्पादन पद्धति अनुरूप हुन्छ। पुँजीवादी दृष्टिकोण अन्तर्गत निजी उत्पादन पद्धति हुन्छ भने समाजवादी दृष्टिकोण अनुरूप सामाजिक वा सामूहिक उत्पादन पद्धति निर्णायक हुन्छ । कुनै पनि खास समाजको आधारभूत चरित्र कस्तो भन्ने कुरा उत्पादन पद्धतिमा निर्भर हुन्छ । किनभने समाजको सिङ्गो राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक भाष्य यही उत्पादन पद्धतिकै आधारभूत चरित्र अनुरूप विन्यास हुने गर्छ ।सोच, चिन्तन, मनोविज्ञान, जीवनशैली र कार्यशैलीलाई उत्पादन पद्धतिले नै निर्धारण गर्छ। त्याग, बलिदान, लोभपाप, हित र स्वार्थ सबै यही उत्पादन पद्धतिद्वारा नै निर्देशित हुन्छ। यस कारण हरेक आयामलाई कमान्ड गर्ने सबैभन्दा प्राथमिक विषय भनेको उत्पादन पद्धति नै हो । यस कारण भ्रष्टाचारको अन्त्य वा नियन्त्रणका लागि पनि खास उत्पादन पद्धति निर्णायक बन्छ। अर्थात् नियन्त्रण कि अन्त्य भन्ने कुरा उत्पादन पद्धतिमा निर्भर हुन्छ

# बेलायतका अस्पतालमा नेपाली नर्स

डा. हीरामणी घिमिरे

गायक रामजी खाणको स्वरमा बेरिएका यी शब्दभित्र शायद सबै प्रवासी नेपाली श्रमिकको व्यथा लुकेको छ । गीतले बोलेझैँ अरबको चर्को घाममा बालुवासँग खेल्नु उनीहरूको नियति नै बनेको छ ।

कोभिड-१९ ले पनि यसलाई रोक्न सकेन। फेरि, अरब जानै पनि गाह्रो छ । नेपाल सरकारले नै निकालेको एउटा प्रतिवेदनले के भन्छ भने कामको खोजीमा विदेश जाने श्रमिक विभिन्न प्रकारको शोषण, छलकपट र यातनाका सिकार हुने गर्दछन् । विगत १० वर्षको तथ्याङ्क हेर्ने हो भने हरेक वर्ष पाँचदेखि छ लाखसम्म नेपाली श्रमिक कामको खोजीमा बाहिर जान्छन्, अर्थात् दैनिक एक हजार ३०० देखि एक हजार ६०० जना श्रमिकहरू देशबाट बाहिरिन्छन् । कोभिड-१९ ले देशलाई आक्रान्त बनाएकै समयमा पनि यो सङ्ख्या उल्लेख्य रहेको थियो । त्यसो त नेपाली श्रमिक विश्वका १५० देशमा पुगेका छन्, तर ८५ प्रतिशतभन्दा बढी श्रमिक खाडी मुलुक र मलेसियामा ‘चर्को घाम’ खान जाने गर्दछन् । अधिकांशसँग सिप हुँदैन । अदक्ष र अर्धदक्ष श्रमिकको सङ्ख्या उच्च छ - ६२ प्रतिशत । लाहुरे संस्कृतिको प्रभावले होला, बल, बहादुरी र बलिदान नै नेपाली श्रमिकको खास चिनारी बनेको छ ! यी श्रमिकले घर पठाएको पैसा, अर्थात् विप्रेषणले अर्थतन्त्र धानेको छ ।

सन् २०२१ मा विप्रेषण कुल गार्हस्थ उत्पादनको २४ प्रतिशत पुगेको थियो । यस अर्थमा नेपाल विश्वको दशौँ ठुलो मुलुक हो । विप्रेषणको रकम २०७८/७९ मा १० खर्ब ०७ अर्ब थियो भने २०७९/८० को पहिलो ११ महिनामा नै ११ खर्ब १२ अर्ब पुगिसकेको थियो तर यसका लागि हामीले धेरै मूल्य चुकाउनु परेको छ । आफ्नै देश र गन्तव्य मुलुकमा समेत स्वास्थ्य सेवामा अत्यन्त सीमित पहुँच भएका कारण प्रवासी श्रमिकको मृत्युदर समेत बढिरहेको छ भने न्यायमा पनि उनीहरूको पहुँच सीमित छ । फेरि, नेपाल फर्केर आएपछि समाजमा घुलमिल हुन पनि सजिलो छैन । ऋणको पासोमा पर्नुपर्ने बाध्यता पनि रहेकै छ ।

विदेशमा कामदार पठाउने सम्बन्धमा हाम्रो धारणा स्पष्ट नभएको पनि देखिन्छ। राजनीतिक दलकै वैचारिक स्थिति हेरौँ। कोही नेपाली श्रमिकलाई विदेश जाने बाध्यताबाट मुक्ति दिलाउने कुरा गर्छन् भने कोही चाहिँ विदेशमा रहेका सबैलाई फर्काउने योजनामा प्रतिबद्ध रहेका देखिन्छन्। विप्रेषणले धानिएको अर्थतन्त्रमा यस्ता कुराहरू आवेशपूर्ण जस्ता पनि लाग्दछन् ।

**बेलायतका अस्पतालमा नेपाली नर्स ?**

यस पृष्ठभूमिमा श्रममा सिप थपी त्यसलाई चाहिँ अन्तर्राष्ट्रिय श्रमबजारमा पठाउनु राम्रो हुन्छ। श्रमबजारको प्रत्याभूति गर्नसके झनै राम्रो हुन्छ। यस क्रममा हालै नेपाल सरकार र बेलायत सरकारका बिच नेपाली नर्सहरूलाई बेलायतका स्वास्थ्य संस्थामा कामको अवसर उपलब्ध गराउने गरी एक सम्झौता भएको छ। यो एक सकारात्मक पहल हो । यो व्यवस्था दुई सरकारबिच भएकोले यस अन्तर्गतको भर्ना प्रक्रियामा अन्य कुनै प्रकारका माध्यम (बिचौलिया) को भूमिका रहने छैन । यस सम्झौता अन्तर्गत बेलायत जाने नर्सहरूले त्यहाँको स्वास्थ्य सेवा प्रतिष्ठान अर्थात् ‘नेसनल हेल्थ सर्भिस’ मा काम पाउने छन् । नर्सहरूको वार्षिक तलब २७ हजार पाउन्ड देखि ३२ हजार पाउन्ड ( झन्डै ४६ लाखदेखि ५४ लाख रुपियाँ) हुने छ, र उनीहरूले पेन्सनलगायत सेवाका अन्य सुविधा पनि पाउने छन् । यी सुविधा बेलायती समकक्षीले पाउने सरह नै हुने छन् भन्ने सम्झौतामा समेटिएको छ । यस्तो सिपयुक्त श्रमको निर्यातबाट नेपालले धेरै फाइदा लिन सक्ने छ । त्यसो त यस सम्झौता अन्तर्गत पुरुष नर्सहरू पनि कार्यक्रममा समावेश हुन सक्छन् तर हाम्रो सन्दर्भमा यसमा महिलाकै सिङ्गो दाबी रहने छ, जुन कुरा महिलाको आर्थिक र पेसागत सशक्तीकरणका दृष्टिले पनि महत्वपूर्ण छ। आत्मनिर्भरता वा परनिर्भरताको वैचारिकीबाट अन्तरर्निभरताको अभ्यासतर्फ अगाडि बढिरहेको आजको विश्वमा यस व्यवस्थातर्फ उन्मुख हुन हिच्किचाउनु पर्दैन ।

तर यहाँनिर एउटा प्रश्नचाहिँ राख्न सकिन्छ - के हामीकहाँ चाहिनेभन्दा बढी नर्स छन् र ? नेपाल सरकार स्वास्थ्य मन्त्रालयको तत्वावधानमा भएको एक अध्ययन अनुसार नेपलमा प्रति दुई हजार जनसङ्ख्याका लागि एक जना नर्स उपलब्ध छन्। जनसङ्ख्या र नर्सको यो अनुपात विश्व स्वास्थ्य सङ्गठनले सिफारिस गरेको अनुपातभन्दा निकै कम हो । वस्तुतः, नेपाल विश्व स्वास्थ्य सङ्गठनले स्वास्थ्य प्राविधिकका दृष्टिकोणबाट अत्यन्त कमजोर ठह-याइएका ४७ मुलुकको सूचीमा पर्दछ । यी मुलुकबाट स्वास्थ्य प्राविधिकलाई अन्य मुलुकको जागिरमा लैजान सामान्यतया प्रोत्साहित गरिँदैन । यसै आधारमा बेलायत सरकारले हालै नाइजेरिया र अन्य ५३ मुलुकबाट थप नर्स भर्ना नगर्न त्यहाँका रोजगारदातालाई आग्रह गरेको छ तर दुई सरकारका बिच हुने सम्झौता अन्तर्गत भने नर्सहरू लिन सकिने छ। नेपाल भने उक्त ५३ मुलुकको सूचीभन्दा बाहिर रहेको छ ।

विश्व स्वास्थ्य सङ्गठनको सूचीमा परेका मुलुकमा स्वास्थ्य प्राविधिक र स्वास्थ्यसँग सम्बन्धित अन्य सेवाको सुदृढीकरणमा अन्तर्राष्ट्रिय सहयोग उपलब्ध गराउन सिफारिस गरिएको छ ।

यसैले नै होला, माथि उल्लेख गरिएको नेपाल र बेलायतका बिच भएको सम्झौता अन्तर्गत हाललाई १०० जना नर्सले मात्र बेलायत जान पाउने छन्। सम्झौताले विश्व स्वास्थ्य सङ्गठनले निर्धारण गरेको ‘आचार संहिता’ प्रति प्रतिबद्धता जनाएको छ ।

*गोरखापत्रबाट*


## माइग्रेसन सर्टिफिकेट हरायो

जनकपुर देखि तारापट्टी सिर्सिया जाने बाटोमा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट मिति २०८०/०१/२० गते हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकै को प्रहरी चौकी वा मेरो मोबाइल नं 9844018018 ÷9807653027 मा सम्पर्क गरी सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम- प्रेम चन्द्र अधिकारी
क्याम्पस- मोडल उच्च माध्यमिक विद्यालय जनकपुर
कक्षा - I. Sc= (10±2)
Pass Year – 2065
Symbol no.– 920688
Reg.no. – 641711248


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# आज खीर खाने दिन, यसकारण खाइन्छ खीर

खबर दर्पण समाचारदाता

**साउन १४ गते, महेन्द्रनगर**

साउन १५ गते आज नेपाली समाजमा खीर खाएर मनाइँदै छ। वर्षा ऋतुका बेला असार १५ गते दहीच्यूरा र साउन १५ मा खीर खाने प्राचीनकालदेखिको नेपाली परम्परा छ।

साउने झरी पर्ने बेलामा तातो खीरले स्वास्थ्यलाई राम्रो गर्ने भएकाले खीर खाने गरिएको हो। दूधमा मरमसलालगायत चीजबीज हालेर बनाइने खीरले स्वास्थ्यमा राम्रो गर्ने भएकाले यसका परम्परा बसेको विश्वास गरिन्छ। संस्कृत भाषामा पायस भनिने खीर सात्विक आहारमध्येमा उत्तम मानिने भएकाले पितृ एवं देव कार्यमा पनि महत्त्वपूर्ण वस्तुका रुपमा वैदिकशास्त्रमा वर्णन गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य प्राडा देवमणि भट्टराई बताउँछन्।

यही साउन महिनामा गाउँघरमा पनि खेतीपातीको काम सकिन्छ। हरियाली बढी हुने भएकाले घाँस बढी पाइन्छ। राम्रा धेरै घाँस पाइने बेलामा गाई, भैँसीले पनि धेरै दूध दिन्छन्। दूध धेरै भएपछि इष्टमित्र, चेलीबेटीलाई घरमा बोलाएर खीर खाने चलन चलेको हो।

साउन भगवान् शिवको महिना हो। शिवलाई दूध र दूधमा बनेका परिकार मनपर्ने भएकाले खीर लगायत मिठाई विधिपूर्वक चढाइन्छ। यसैले गर्दा साउनको मध्य पारेर खीर खाने प्रचलन चलेको हुनसक्ने धर्मशास्त्रविद् भट्टराई बताउँछन्। तर यसको कुनै शास्त्रीय वचन भने छैन।



ऋषिमुनिको पालादेखि नै श्राद्धलगायत पितृ कार्यमा निमन्त्रणा गरिएका ब्राह्मणलाई पायस अर्थात् खीर खुवाउने गरिएको थियो। अहिले पनि वैदिक सनातन धर्मावलम्बीले श्राद्धका दिन अनिवार्य रुपमा गाईको दूधमा पायस अर्थात् खीर बनाउँछन्।

चामल, साबुदाना, सेवइ, मकै, गाजर लगायतको खीर बनाउने गरिन्छ। साबुदाना-सावधानालाई फलफूलकै वर्गमा राखिन्छ। यसैगरी साउन महिनामा हरियो मकै धेरै पाइने भएकाले मकैको खीर समेत बनाएर खाने चलन छ । खीर खाँदा देवतालाई चढाएर खानुपर्छ भन्ने धार्मिक विश्वास र हिआएको छ।

नेपाली बृहत् शब्दकोशले 'दूधमा पकाइएको भात, दूधमा चामल, चिनी, मसला आदि हाली पकाइएको स्वादिष्ठ खाद्य पदार्थ, पायस, तस्मै' भनी खीरलाई परिभाषित गरेको छ।

नेपाली समाजमा असार १५ गते दहीच्यूरा, साउन १५ गते खीर, भदौ १५ गते पोलेको मकै, पुस १५ गते घीउ खट्टे, माघ १५ गते मालपुवालगायत चीजबीज बनाएर इष्टमित्र एवम् छोरीचेलीलाई बोलाएर खुवाउने र आफू पनि खाने लौकिक चलन रहिआएको छ।

दूधबाट बनेको खीरले मानव शरीरमा रोग प्रतिरोधी क्षमता विकास गर्ने राष्ट्रिय दुग्ध विकास बोर्डले जनाएको छ। बोर्डको २०७७ साल फागुन १५ गते बसेको बैठकले साउन १५ लाई खीर खाने दिन अर्थात् खीर दिवसका रुपमा मनाउने निर्णय गरेको थियो।

नेपालको खाद्य नियमावलीअनुसार मानक प्रशोधित दूधमा हुने तीन प्रतिशत चिल्लो, ४ दशमलव ७ प्रतिशत ल्याक्टोज र ३ दशमलव ५ प्रतिशत प्रोटिनको गणना गर्दा प्रति एक सय ग्राम प्रशोधित दूधबाट ६० प्रतिशत क्यालोरी शक्ति प्राप्त हुने उल्लेख छ।रासस

# वर्षा नहुदा महोत्तरीका अधिकांश खेतहरु बाँझै



खबर दर्पण समाचारदाता

**साउन १४ गते, बर्दिवास**

बर्दिबास-मनुसुनी वर्षा नहुदा महोत्तरीका अधिकांश खेतहरु बाँझै छन् । साउनको दोश्रो साता वित्न लाग्दा पनि यहाँ थोपो पानी नपरेपछि अकालको अवस्थाले किसानहरु चिन्तामा छन् ।

कृषि ज्ञान केन्द्रकाअनुसार साउन दोश्रो सातासम्म महोत्तरीमा ४० प्रतिसत मात्र रोपाई भएको छ । जिल्लामा धान खेतको क्षेत्रफल ४५ हजार हेक्टर छ । त्यसमध्ये अहिलेसम्म स्यालो ट्युवेल, डिप वोरिङबाट महगो सिचाई गरि नौ हजार ९ सय हेक्टर क्षेत्रफलमा मात्र रोपाई भएको ज्ञान केन्द्र प्रमुख रामचन्द्र यादवले जनाउनुभयो ।

महगो लागत लगाएर रोपिएका रोपो पनि वर्षा नहुदा सुक्न थालेका छन् ।

पानी अभावले धान खेतमा धाँजो फाटेका छन् । वर्षको आसमा धानका ब्याड र वेर्ना छिप्पिन थालेपछि किसानले गाईवस्तुलाई ख्वाउनु थालेका छन् ।

बर्दिबास ४ का हरिवहादुर रानाले १० कठ्ठा खेतको लागि राखेको ब्याड अव खेतमै जोतेर मास्न लागेको बताउनु भयो । बाँझो खेतमा शुक्रवार हलो जोतिरहनु भएको उहाँले अव पानी परिहाले पनि खासै उत्पादन नहुने भएका कारण बाध्य भएर ब्याड मास्न लागेको बताउनुभयो ।

अनावृष्टिको प्रभाव धान खेतीमा मात्र नभएर समग्र कृषि क्षेत्रमा देखिएको छ । खडेरीले मकै र वर्षे कोदो खेतीसमेत सखाप भएको स्थानीय कृषकले जनाएका छन् । गत वर्ष मौसम अनुकूल हुदा महोत्तरीका चार हजार २०० हेक्टरमा मकै खेती भई वीस हजार १६० मेट्रिक टन उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

यसपाला भने सुख्खाले मकैका बोट पहेँलिन थालेपछि कृषकले चौपायालाई घाँस खुवाएका छन् । खडेरीले गर्दा बर्दिबासको सुदूर उत्तरी क्षेत्रमा पर्ने वडा नं ५ टुटेश्वरमा ४० विग्हामा लगाइएका रैथाने मकैका बोट सुकेर गएको स्थानीय कृषक रामवहादुर श्रेष्ठले बताउनुभयो ।

उहाँकाअनुसार फागुन महिनातिर पानी पर्दा छरेको मकैका बोट सुरुमा सप्रेर आएको थियो । त्यस यता पानी पर्दै परेन । चिस्यान अभावमा मकैका बोट सुक्न थालेपछि वस्तुभाउका लागि घाँस बनाएको उहाँले बताउनुभयो ।

उत्तरी क्षेत्रमा मकै भित्राएर सोही खेतमा धान लगाई किसानले दोहरो उत्पादन लिने गरेका छन् । ''यसपाला त न मकै भयो न धानै रोम्न पाईयो' श्रेष्ठले उजाड फाँट देखाउदै पीडा पोख्नुभयो 'गाउका सारा खेत वाँझै छन् ।''

सुख्खाग्रस्त टुटेश्वर क्षेत्रमा सिचाईको बैकल्पिक अवस्था नहुदा पनि बाली विरुवा जोगाउन नपाएको कृषकको भनाई छ । लामो खडेरीले परिस्थिति प्रतिकूल हदै गए पनि तीनै तहका सरकारले अहिलेसम्म ठोस कार्यक्रम ल्याउन सकेका छैनन् ।

## प्रभु बैंक लिमिटेड शाखा कार्यालय, महेन्द्रनगर धनुषाका
## तपसिलमा उल्लेखित ऋणीलाई ऋण कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(मिति २०८०/०४/ १५ गते सोमबारको खबर दर्पण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित)**

यस बैंक(सावीक सेन्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भई सक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मिति सम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा ऋणी, जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नु पर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गराइन सकिने, कर्जाको सुरक्षण बापत धितो रहेको सम्पत्ति तथा ऋणीको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा ऋणी तथा जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं । आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तपाई उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ ।

**तपसिल**

**क.ऋणी, सञ्चालक तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०२/०७ मा दर्ता नं. १८९८१८/७४/०७५ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व बिभाग आन्तरिक राजस्व कार्यालय, जनकपुरबाट मिति २०७५/०२/०७ (मु.अ.कर दर्ता मिति २०७५/०२/०७) मा दर्ता भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नम्बर ६०६७०५६१३ को प्रमाणपत्र प्राप्त **जनज्योति ट्रेडिङ्ग एण्ड सप्लायर्स प्रा.लि.** । ठेगाना : जिल्ला धनुषा, मिथिला नगरपालीका वडा नं. ०७, ढल्केबर ।

| | |
|---|---|
| **सञ्चालक तथा जमानतकर्ता : जिवछी चौधरी**<br>(ना.प्र.नं. २५६६८२९०, जारी मिति २०५७/०४/०२, जारी गर्ने कार्यालय जि.प्र.का.धनुषा) ।<br>ठेगाना : जिल्ला धनुषा ढल्केवर गा.वि.स.बडा नं. ०७,<br>(हाल मिथिला न.पा. बडा नं. ६) ।<br>बाबु : यदुनन्दन चौधरी ।<br>ससुरा/पती : अनुष्ठा चौधरी कलवार/विजय कुमार चौधरी । | **जमानतकर्ता : बिजय कुमार चौधरी**<br>(ना.प्र.नं. २५६६२१७९, जारी मिति २०४५/०२/१६, प्रतिलिपि जारी मिति २०७४/०५/१६ जारी गर्ने कार्यालय जि.प्र.का.धनुषा) ।<br>ठेगाना : जिल्ला धनुषा ढल्केवर गा.वि.स.बडा नं. ०७,<br>(हाल मिथिला न.पा. बडा नं. ६) ।<br>बाबु : अनुष्ठा चौधरी कलवार ।<br>बाजे : रघुनाथ चौधरी । |

**ख. धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**

१. विजय कुमार चौधरीको नाममा मालपोत कार्यालय धनुषमा दर्ता श्रेष्ता कायम रहेको धनुष जिल्ला ढल्केवर गा.वि.स.वडा नं. ४ नक्सा सिट नं. ४ख स्थित कि.नं. ८८५ क्षेत्रफल ०-०-१३-० (बिघा), ऐ.ऐ. वडा नं. ७ नक्सा सिट नं. ७क स्थित कि.नं. ७४३ र ७४१ क्षेत्रफल ०-३-१०-० र ०-०-१५-११ (विघा) को घर जग्गा तथा सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.......................................१
२. ऋणी **जनज्योति ट्रेडिङ्ग एण्ड सप्लायर्स प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

## कानुन निर्माण गर्दा ...

तथा अधिकारी, प्रत्यायोजित विधायनको फाईदा वेफाईदा, प्रत्यायोजित अधिकारको श्रोतको अवस्था, प्रत्यायोजन विधायनका सीमा, प्रत्यायोजित विधायनको विधायिकी नियन्त्रण प्रत्यायोजित विधायनको विधायिकी नियन्त्रण प्रभावकारी बनाउन विधायीकाको समिति वा संसदले हेर्नु पर्ने कुराहरु, संविधान र कानुन कार्यान्वयनका अन्य दस्तावेज र प्रत्यायोजित व्यवस्थापन, नेपालमा प्रत्यायोजित व्यवस्थापनको अभ्यास र अन्तराष्ट्रिय अभ्यास बारे विस्तृत जानकारी गराउनुभएको थियो ।प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति माया प्रसाद शर्माको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा समितिका सदस्य तुलसा कुमारी दाहाल, नर बहादुर बिष्ट, मोहम्मद खालिद, सुमित्रा बि.सी. लगायत मधेस प्रदेशका विभिन्न विषयगत समितिका सभापति, दलका प्रमुख सचेतक तथा सभासदस्यहरुको उपस्थिती रहेको थियो ।

# नागरिक उन्मुक्त पार्टी र नेसपाबीच एकीकरण



**खबर दर्पण समाचारदाता**
**साउन १४ गते, जनकपुर**
रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्त पार्टी र नेपाल सदभावना पार्टी बीच एकीकरण भएको छ। केहि दिन अगाडि मधेश भ्रमण गरेका चौधरी मधेशमा उपस्थिती बाक्लो पार्न देशकै पुरानो मधेश केन्द्रित दल नेपाल सदभावना पार्टी संग एकिकरण गरेको हो ।

नागरिक उन्मुक्ति पार्टीका संरक्षक एवं नेता रेशम लाल चौधरीले मधेशवादी दलहरुले आफूसँग धोखाधडी गरेको आरोप समेत लगाएका छन ।

आइतवार जनकपुरधाममा आयोजित नागरिक उन्मुक्ति पार्टी र नेपाल सद्भावना पार्टीबीच एकीकरण कार्यक्रमलाई सम्बोधन गर्दै नेता चौधरीले आफू साढे वर्षसम्म जेलमा बस्दा यहाँका मधेशवादी दलले आफूलाई स्वीकार गर्न नमानेको तर चुनावमा मेरो नाम भजाउने काम मात्र गरेको आरोप लगाए । आफनो रिहाई र मुक्तीको विषयमा उनीहरु भाषण मात्र गरेको र व्यवहारमा कुनै पनि काम कडाईका साथ गर्न नसकेको उनको तर्क छ ।

मधेशी दलका नेताहरुको चरित्र बुझ्ेपछि आफू जेल बसाईकै क्रममा नागरिक उन्मुक्ति पार्टी गठन गरेर थरुहट प्रदेशमा १६ वटा सांसद जित्न सफल भएको उनले बताए ।

नेता चौधरीले थरुहट प्रदेशमा शासन गरिरहेको नाउपा अगामि निर्वाचनमा मधेश प्रदेशमा अत्यधिक मतले जितेर सरकारको नेतृत्व गर्ने दाबी गरे ।

उनले नेपाल सदभावना मात्र होइन दुई/चारवटा मधेशवादी दलहरु अझै सम्पर्कमा छन उनीहरुसँग पनि एकीकरण गरी आउदो निर्वाचनमा मधेशमा पनि नागरिक उन्मुक्ति पार्टीले आफ्नो सरकार बनाउनेछ ।

कार्यक्रममा नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतोले मधेश क्रान्तिको योद्धाकोण् रुपमा रहेका नेता चौधरी पनि मधेशवादी दलमै आवद्ध रहेका बेला पक्राउ परेपनि मधेशवादी दलहरुले उनको रिहाई र न्यायका लागि नाटक गरेर चुनावमा नाम भजाउने काम मात्र गरेको आरोप लगाए ।

# मुख्यमन्त्री यादवलाई एमालेको पाँच बुँदे ज्ञापन, सुख्खाक्षेत्र घोषणाको मांग



**जनकपुर** /नेकपा एमालेले विभिन्न पाँच बुँदे मांग सहित मुख्यमन्त्री सरोज कुमार यादवलाई ज्ञापन पत्र बुझाएका छन्। एमालेको तर्फबाट प्रमुख सचेतक लखन दास तत्माले ज्ञापन पत्र बुझाउदै मधेशमा देखिएको खडेरीको समस्या प्रति सचेत हुन ध्यानाकर्षण गराएका छन्।

एमालेले बुभाएको ज्ञापन पत्रमा तत्काल मधेशलाई सुख्खाक्षेत्र घोषणा, लम्पि स्कीन रोगको निदान तथा नियन्त्रणका लागि प्राविधिक परिचालन र किसानलाई क्षतीपुर्ती, किसानलाई मल खाद्यको सरल सहज उपलब्धता, यस वर्षको बिजुली बिल सरकारले तिरिदिनुपर्ने र आठवटै जिल्लामा कृषि तथा पशु अनुसन्धान प्रयोगशालाको व्यवस्था हुनुपर्ने मांग उल्लेख गरिएको छ।

ज्ञापन पत्र बुझ्दै मुख्यमन्त्री यादवले मधेशमा परेको रौदी (खडेरी) प्रति सरकार जानकार र गम्भिर रहेको भन्दै केहि दिनमै केहि महत्वपूणर् निणर्य लिनुपर्ने अवस्था रहेको बताए ।


## सूचना !          सूचना !!!          सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नदी सफा राख्नु सबैको दायित्व हो । नदीको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नदीको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नदी क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नदी क्षेत्रमा भौतिक निर्माण नगरौं । नदी फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नदीको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

## कमला नदी नियन्त्रण आयोजना , जनकपुर


# काठ चोरेर लाँदै अवस्थामा २ वटा साइकल बरामद



**रवीन्द्र उप्रेती**
**साउन १४ गते, बर्दिवास**
काठ तस्करहरूले ट्र्याक्टर, बयलगाडा र ट्रक जस्ता साधन छाडेर पछिल्लो समय काठ चोरी तस्करीमा साइकलको प्रयोग गर्न थालेको घटनाक्रमले देखाएका छन् ।

गौशाला १ रामनगर स्थित परियोजनाको जङ्गलबाट साखु जातको काठ चोरेर लाँदै अवस्थामा २ वटा साइकल बरामद भएको घट्नाले वनकर्मीलाई नै चकित पारेको थियो ।

माईस्थानस्थित सब-डिभिजन वन कार्यालयका प्रमुख कृष्णकुमार पटेलको कमान्डमा सशस्त्र वन रक्षकसहित खटी गएको गस्तीले पूर्वपश्चिम रेल्वे ट्र्याकनजिबाट आइतबार अपराह्न साइकलसहित काठ बरामद गरेको हो ।

साइकलको पछाडिपट्टिको भागमा विशेष प्रकारले बनाएको क्यारियर मा जतनसाथ लोड गरिएका ५/५ फिट लम्बाइका साखु काठलाई स्याउलाले छोपेर लाँदै गरेको अवस्थामा वन गस्तीले बरामद गरेको थियो ।

सशस्त्र वन रक्षक प्रमुख अवतार लामाका अनुसार स्याला वोकर दक्षिणतर्फ जाँदै गरेका दुवै साइकलमा काठ होला भनेर अनुमान गर्ने अवस्था पनि थिएन ।

वन गस्ती देखेर साइकल छाडी बनमाराहरू भागेपछि शङ्का लागेर हेर्दा दुवै साइकलमा काठ फेला पर्दा वन वनकर्मीसमेत चकित भएका थिए । दुवै साइकलका पछाडि कृत्रिम रूपमा ठुलोखाले क्यारियर वेल्डिङ गरिएको र दुवै चक्कामा रिक्साका टायर ट्युब प्रयोग गरेको पाइएकोले उनीहरू पेसेवर काठ तस्कर भएको वनकर्मीको अनुमान छ ।

दुवै साइकल मिलाएर साखु जातको ८ क्युफिट काठ बरामद भएको लामाले जनाउनुभयो । साइकलसहितका काठ माइस्थानस्थित परियोजनाको कार्यालयमा बुझाइएको छ । फरार काठ तस्करको खोज तलास भइरहेको सब-डिभिजन वन कार्यालयले जनाएको छ ।

# अन्तर्राष्ट्रिय मानव बेचबिखनविरुद्धको दिवस मनाइयो

**खबर दर्पण समाचारदाता**
**साउन १४ गते, महेन्द्रनगर**
अन्तर्राष्ट्रिय मानव बेचबिखनविरुद्धको दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी आज मनाइँदै छ । यो दिवस मानव बेचबिखन उन्मूलन गर्न सचेतना जगाउने र त्यसका लागि विश्वव्यापी प्रतिबद्धतालाई सुदृढ गर्न महत्त्वपूर्ण छ । यस वर्ष 'बेचबिखनका प्रत्येक पीडितसम्म पुगौँ, कसैलाई न्यायबाट वञ्चित नगरौँ' भन्ने नारासहित यो दिवस मनाइँदै छ ।

नाराले बेचबिखन पीडितले भोग्ने शोषणको अन्त्य र उद्धारपछिको पुनः स्थापनाको सुनिश्चितता र बेचबिखनको जोखिममा रहेका समूहको संरक्षणको सन्देश दिएको छ ।

सामान्यतया प्रलोभनमा पारी, झुक्याई, डर त्रास देखाई कुनै पनि व्यक्तिलाई उसको इच्छा विपरीत कुनै न कुनै रूपमा शोषण गर्ने वा नाफा कमाउने उद्देश्यले जबर जस्ती कुनै पनि कार्य गर्न बाध्य तुल्याइने अवस्थालाई नै मानव बेचबिखन भन्ने गरिन्छ ।

मानवको बेचबिखन तथा ओसार पसार बालश्रम, बाल दासत्व, धर्मपुत्र धर्मपुत्री, बालविवाह, बधुवा श्रम तथा दासत्व, मानव अङ्ग प्रत्यारोपण, यौन दासत्व, व्यावसायिक यौन शोषण, गैरकानूनी आप्रवासन आदि कार्यका लागि भइरहेको देखिन्छ ।

संयुक्त राष्ट्रसङ्घका अनुसार विश्वव्यापी सङ्कट, द्वन्द्व र जलवायु आपत्कालले मानव बेचबिखनको जोखिम बढिरहेको छ । विस्थापन र सामाजिक आर्थिक असमानताले असर परेका लाखौँ मानिस मानव बेचबिखनका तस्करको चपेटामा परेका छन् । यस्तै गरिबी, बेरोजगारी, शिक्षा र स्वास्थ्यमा पहुँच नभएका, भेदभाव, हिंसा, दुर्व्यवहारमा परेका व्यक्ति एवं सीमान्तकृत समुदाय मानव तस्करको नजरमा पर्ने गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घअन्तर्गतको लागूऔषध र अपराधसम्बन्धी कार्यालयका अनुसार विकासशील राष्ट्रहरूमा मानव बेचबिखनप्रतिको प्रतिक्रिया घट्दै गएको छ । सन् २०२० मा मानव बेचबिखन पत्ता लगाउने दर ११ प्रतिशतले घटेको र मावबेचविखनविरुद्ध सजायको दर २७ प्रतिशतले घटेको थियो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको राष्ट्रिय प्रतिवेदन, २०७६ अनुसार पछिल्लो समय महिला र बालबालिकाको एसिया, अरब, अफ्रिका, युरोप र अमेरिकाका अन्य विभिन्न मुलुकमा समेत बेचबिखन तथा ओसारपसार हुन थालेको छ ।

मानव बेचबिखनको आयाम फराकिलो बन्दै गएकाले यसको नियन्त्रण चुनौतीको विषय बन्दै गएको छ । मानव बेचबिखन नियन्त्रणका लागि समयसापेक्ष कानूनको संशोधन र निर्माण गर्न आवश्यक भएको यस क्षेत्रमा काम गर्दै आएका साझेदार संस्थाहरूको भनाइ छ ।

'मानव बेचविखन तथा ओसार पसार नियन्त्रण गर्न हाम्रा कानुन अपुग र अव्यवहारिक छ', समाजशास्त्री मीना पौडेल भन्छिन्, 'पहिल्यैतिर लोभलालच वा झुक्याएर बेचबिखन हुन्थ्यो, अहिले यसको आयाम फराकिलो भएको छ । अहिले महिलामात्र होइन, पुरुष पनि यसको जोखिममा छन् ।"


**सार्वजनिक स्थलमा धुम्रपान नगरौं**



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा